# भिमाद नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भिमाद तनहुँ , गण्डकी प्रदेश नेपाल

पत्र संख्या :- २०७९।८०
चलानी नं. :- २१०८

मितिः- २०८०।०२।०७

श्री वडा कार्यालयहरु वडा नं १ देखी ९ सम्म सबै,
भिमाद नगरपालिकाका सबै शाखाहरु,

विषयः- कार्यक्रम रोक्का तथा खर्च भुक्तानी सम्बन्धमा ।

प्रस्तुत विषयमा नेपाल सरकार अर्थ मन्त्रालयको च.नं १२१, मितिः २०८०।०१।१४ र गण्डकी प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयको च.नं ६६०, मिति २०८०।०१।२५ को पत्रबमोजिम सबै स्थानिय तहहरुलाई उपलब्ध हुने वित्तिय समानिकरण अनुदानको चौथो किस्ताको रकम पचास प्रतिशत मात्र प्राप्त भएको र चौथो किस्ताको बाँकी रकम प्राप्त हुने नहुने सम्बन्धमा अन्यौलता रही संघिय वित्तिय समानिकरण अनुदान तर्फ रु. १,६०,१२,५००।– र प्रदेश समानिकरण तर्फ रु. १८,३२,७५०।– गरी जम्मा रु.१,७८,४५,२५०।- एवम् संघ राजश्व बाँडफाँडतर्फ अघिल्ला आ.व.मा भएको आम्दानी र खर्चको प्रतिशत र हालसम्मको राजश्व प्राप्तिका आधारमा करिब १ करोड ८० लाख रुपैंया रकम कमि हुने भई खर्च व्यवस्थापन गर्नुपरेको हुँदा शशर्त, समपुरक र विशेष अनुदान बाहेक भिमाद नगरपालिकाको बजेटको व्यवस्थापनका लागि देहाय अनुसार गर्नुगराउनु हुन अनुरोध छ ।

१. भौतिक निर्माणका कार्यहरु अर्थात पुँजिगत योजना/कार्यक्रमहरु हालसम्म लागत अनुमान तयारी नभएका तथा सम्झौता नभएको भए सम्झौता नगर्ने,
२. कर्मचारीको तलव भत्ता लगायत अनिवार्य दायित्वका खर्च वाहेक कार्यक्रमजन्य चालु तर्फका कार्यक्रमहरु हालसम्म शुरु नभएको भए ति सबै रोक्का गर्ने र चालु कार्यक्रम शुरु गर्नुपूर्व नगरपालिकाको योजना शाखासँग समन्वय गरी प्रस्तावना स्वीकृत गरी गराई मात्र संचालन गर्ने,
३. योजना सम्झौता भई निर्माण कार्य भईरहेका एवं पेश्की लिई वा नलिई संचालन भईरहेका चालु तर्फका कार्यक्रमहरु यथासम्भव छिटो सम्पन्न गरी भुक्तानीका लागि फाइल पेश गर्ने,
४. उपरोक्त सि नं १ , २ र ३ बमोजिमको प्रयास गर्दा पनि खर्च व्यवस्थापन हुन नसकेमा बजेटले पुग्ने जती योजना/कार्यक्रमको रकम भुक्तानी गरी बाँकी रकम अर्को आर्थिक बर्षमा सारी भुक्तानी गर्नुपर्ने हुँदा भुक्तानी ढिलो हुन गई यसबाट भुक्तानी पाउने व्यक्ति/फर्म/संस्था/उपभोक्ताहरुलाई समस्या हुन सक्ने तर्फ बिचार गरी योजना/कार्यक्रम संचालन गर्ने/गराउने ।
५. आ.ब. ७९.८० का लागि नगरसभाबाट विनियोजित बार्षिक बजेट अन्तर्गत नगरपालिका र वडा कार्यालयहरुबाट संचालित योजना तथा कार्यक्रमहरु जेठ मसान्तसम्म कार्य सम्पन्न गरी फरफारक तथा भुक्तानीका लागि सम्पूर्ण कागजात मिति २०८०।०३।०१ सम्ममा नगरपालिकाको आर्थिक प्रशासन शाखामा पेश गर्नुहुन अनुरोध छ । उक्त मिति भित्र पेश भएका योजना तथा कार्यक्रमको खर्च भुक्तानीको हिसाब गरी नपुग रकम जती आर्थिक बर्ष २०८०/८१ मा दायित्व सारी भुक्तानीको व्यवस्था मिलाइने भएकोले सो मिति भित्र भुक्तानीको लागि पेश नभएका योजना तथा कार्यक्रमको हकमा नगरपालिकाबाट भुक्तानी गर्न नसकिने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

<u>सादर अवगतार्थः-</u>
श्रीमान नगर प्रमुख ज्यू,
श्रीमान नगर उप्रमुख ज्यूः- कार्यक्रम तथा योजनाको सममयै अनुगमन गरिदिनुहुन ।

२०८०।२।६
टेकनाथ दहाल
प्रमुख प्रशासकीय अधिकृत

अर्जुनप्रसाद पौडेल
लेखा अधिकृत